**National News**
**ALL INDIA RADIO GANGTOK**
**BROADCAST: 19:25 hrs** **Date: 28.02.2025**

***मुख्य समाचार :-***

- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा यूरोपेली आयोगकी अध्यक्ष अर्सला वोन डेर लेयेनसित प्रतिनिधिमंडल स्तरको वार्ता गर्नुभएको छ। दुवै पक्षले ब्यापार, लगानी, प्रोद्योगिकी, नवाचार, स्वच्छ तथा हरित ऊर्जा, संपर्क र संवधहरूलाई प्रगाढ़ गर्नका लागि प्रतिवध्दता जनाएका छन्।**
- **रास्ट्रपति द्रौपदी मुर्मूले न्याय- आधारित विकसित भारतलाई आकार दिनुमा फोरेन्सिक साइन्स को भूमिका महत्वपूर्ण रहेको भन्नुभएको छ।**
- **पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको एउटा मस्जिदमा आज नमाजको बेला एक शक्तिशाली आत्मघाती विस्फोट भएकोछ।**
- **केन्द्रीय स्वास्थ्य एवं परिवार कल्याण मन्त्री जे पी नड्डा उन्मूलन संवन्धी सबै प्रयासहरू जारी रहेको भन्नुभएकोछ।**
- **केन्द्रीय गृहमन्त्री अमित शाहले भारतमा बंगलादेशी र रोहिङ्गया घुस्पेठीहरूलाई प्रवेश गराउने अनि उनीहरूको बसोबास गर्ने सुविधा दिने संपूर्ण नेटवर्क विरूध्द कढ़ा कार्रवाई गरिने निर्देश दिनुभएको छ।**

***यूरोपेली संघ अध्यक्ष- भारत***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा यूरोपेली आयोगकी अध्यक्ष अर्सला वाँन डेर लेयनसित प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नुभएको छ। वार्ताको दौरान दुवै पक्षहरूले ब्यापार लगानी, प्रौद्योगिकी र नवाचार स्वच्छ तथा हरित ऊर्जा, संपर्क र संवधहरूलाई प्रगाढ गर्नका लागि प्रतिवध्दता जनाए। भारत र यूरोपेली संघले महत्वकांक्षी एजेन्ट तय गरेको छ। वार्ता पछी एक संयुक्त बयानमा प्रधानमन्त्री मोदीले भारत र यूरोपेली संघ बीच साझेदारी बढ़ाउन अनि त्यसलाई दरिलो पार्नु कैपय निर्णय लिइएका छन्, भन्नुभयो। उहाँले ब्यापार, प्रौद्योगिकी लगानी नवाचार हरित विकास सुरक्षा, कौशल अनि गरिशीलतामा सहयोगका लागि नयाँ प्रारूप तयार पारिएकोछ, भन्नुभयो। अर्सला वाँन डेर लेयनले, भारत र यूरोपेली संघले यो वर्षान्त सम्म एक मुक्त ब्यापार समझौतालआई अंतिम रूप दिनुबारे बिचार गरी रहेको पनि भन्नुभएको छिन्।

***राजनाथ विज्ञान वैभव 2025***

रक्षा मन्त्री राजनाथ सिंहले मानव जातिको सर्वांगीण विकासका लागि विज्ञान को अनुप्रयोगमा जोढ़ दिनुभएको छ। विज्ञानका लागि महत्वपूर्ण हो, उहाँले भन्नुभयो। हैदराबादको गाचीबाउली स्टेडियममा आज युवाहरू, मुख्य रूपको विद्यार्थीहरूको विशाल सभालाई संबोधन गर्दै रक्षा मनत्रीले यो कुरा भन्नुभयो।

***रास्ट्रिय विज्ञान दिवस***

आज रास्ट्रिय विज्ञान दिवस हो। प्रत्येक वर्ष 28 फरवरीका दिन महान भौतिकशास्त्री सर सि वि रमनद्वारा रमन प्रभावरको खोजको उपलक्ष्यमा यो दिन मनाइन्छ। प्रधानमन्त्री नरेन्द्र मोदीले रास्ट्रीय विज्ञान दिवसको अवसरमा सबैलाई शुभाकामना दिनुभएको छ। सोशल मीडियामा पोस्ट गर्दै श्री मोदीले जिज्ञासा विज्ञानको जननी हो, भन्नुभयो।

***नड्डा सार्वजनिक स्वास्थ्य***

केन्द्रिय स्वास्थ्य एवं परिवार कल्याण मन्त्री जे पि नड्डा ले यो वर्ष सम्म, भारतबाट क्षय रोग समाप्त गर्न, सबै प्रयासहरू जारी रहेको भन्नुभएको छ। सार्वजनिक स्वास्थ्य खतराको रूपमा समाप्त गर्ने लक्ष्य राखेको छ, उहाँले भन्नुभयो। ओडिशाको पुरीमा आज, भारतमा सार्वजनिक स्वास्थ्य हेरचाह प्रणालीमा राम्रो अनुकरणीय प्रथाहरू अनि नवाचार संवन्धी नौवा रास्ट्रीय शिखर सम्मेलनको उद्घाटन गर्दै श्री नड्डाले भन्नुभयो, सरकारले 2017 मा नयाँ स्वास्थ्य नीति अपनाए पछी, कैपन सुधारहरू भएका छन्।

***संशो उत्तराखण्ड***

उत्तराखण्डमा चमेली जिल्लाको माणा गाउँ नजिक 57 श्रमिकहरू भीषण हिऊँको तूफानको चपेटमा आएकाछन । 16 जनालाई सुरक्षित बचाइएको भने अन्य श्रमिकहरूको खोज र बचावका लागि भारत तिब्बत सीमा बल, रास्ट्रीय आपदा मोचन बल, राज्य आपदा मोचन बल, सेना र वायु सेना, उदार कार्यमा लागी परेकोछ । मुख्यमन्त्री पुष्कर सिंह धामीले सरकारले सिथ्ति माथि नजर राखेको भन्नुभएकोछ। गृहमन्त्री अमित शाहले हरसंभव सहायताको आश्वासन दिनुभएकोछ ।

***दिल्ली कैग रिपोर्ट***

दिल्ली विधानसभामा मुख्यमन्त्री रेखा गुप्ताले आम आदमी पार्टी सरकारको समयमा सार्वजनिक स्वास्थ्य अवसंरचना र स्वास्थ्य सेवाहरूको प्रवन्धनमा भारतको नियन्त्रन र महालेखा परीक्षक- कैग को रिपोर्ट प्रस्तुत गर्नुभयो । रिपोर्टमा कोवीड को समयमा धनको कमती उपयोग, परियोजना पूरा गर्नुमा विलम्ब र शहरका अस्पतालहरूमा औष्धि अनि कर्मचारीहरूको कमीलाई उजागर परिएको छ ।

---

***रास्ट्रपति- फोरेन्सिक***

रास्ट्रपति द्रौपदी मुर्मूले न्याय- आधारित विकसित भारतलाई आकार दिनुमा फोरेन्सिक साइन्स को भूमिका महत्वपूर्ण रहेको भन्नुभएकोछ । रास्ट्रपतिले आज गान्धीनगरमा रास्ट्रिय फोरेन्सिक विज्ञान विश्विद्यालयको तेस्रो दीक्षान्त समारोहलाई सम्बोधित गर्नुभयो । श्रीमती मुर्मूले अपराधको निरन्तर परिवर्तन प्रकृतिको मध्येनजर समयमा न्याय दिलाउनुमा फोरेन्सिक साइन्स को बढदो महत्वमा जोढ़ दिनुभयो ।

---

***पाकिस्तान विस्फोट***

पाकिस्तानमा खैबर पख्तुनख्वा प्रान्तको एउटा मस्जिदमा आज नमाजतो बेला एक शक्तिशाली विस्फोटमा पाँच जनाको मृत्युभएको भने 20 अन्य घाईतेभएकाछन् । आत्मघाती हमलावरले मस्जिदको मुख्य कक्षमा नमाज पूरा भएपछी विस्फोट गरयो । धमाकामा जमीयत उलेमा इस्लाम गुटका प्रमुख हमीपुल हक हवकानीको मृत्यु भएकोछ । बचाव दलले घरवास्थलमा पुगेर शवहरूलाई निकालेको छ अनि घाईतेहरूलाई अस्पताल पुऱ्याएकोछ । नोंशेरा र पेशवरका अस्पतालहरूमा आपातकाल घोषित गरिएको छ ।

***अमित शाह बैठक***

केन्द्रीय गृहमन्त्री अमित शाहले भारतमा बंगलादेशी र रोहिग्या घुसपेठीहरूलाई प्रवेश गराउने अनि उनीहरूको बसोबास गर्ने सुविधा दिने संपूर्ण नेटवर्क विरूध्द कढ़ा कार्रवाई गरिने रिर्देश दिनुभएको छ । उहाँले भन्नुभयो, अवैध घुसपेठिहरूको मुद्दा रास्ट्रिय सुरक्षासित संवद्धहरू र यसबारे कढ़ा दृष्टिकोण राख्नुपर्छ । घुसपेठीहरूको पहिचान गरि उनीहरूलाई निर्वासित गरिने कुरा श्री शआहले गर्नुभयो ।

***भूकम्प***

नेपालमा आज बिहान दुइ बजेर छत्तीस मिनटमा भूकम्पको झटका अनुभल गरियो । रेक्टर स्केलमा यसको तीव्रता छ दशमलउ एक थियो । रास्ट्रिय भूकम्प विज्ञान केन्द्र अनुसार भूकम्पको केन्द्र काठमाण्डूदेखि लगभग पैंसठी किलोमिटर पूर्वमा सिंधुपाल्चोक जिल्लाको भैरवकूण्डमा थियो । बिहार, पश्चिम बंगाल र सिक्किम राज्यमा पनि भूँइचालोको झटका अनुभव गरियो ।

***प्रमुख समाचार पुन एक पल्ट***

- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा यूरोपेली आयोगकी अध्यक्ष अर्सला वोन डेर लेयेनसित प्रतिनिधिमंडल स्तरको वार्ता गर्नुभएको छ । दुवै पक्षले ब्यापार, लगानी, प्रोद्योगिकी, नवाचार, स्वच्छ तथा हरित ऊर्जा, संपर्क र संवधहरूलाई प्रगाढ़ गर्नका लागि प्रतिवध्दता जनाएका छन् ।**
- **रास्ट्रपति द्रौपदी मुर्मूले न्याय- आधारित विकसित भारतलाई आकार दिनुमा फोरेन्सिक साइन्स को भूमिका महत्वपूर्ण रहेको भन्नुभएको छ ।**
- **पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको एउटा मस्जिदमा आज नमाजको बेला एक शक्तिशाली आत्मघाती विस्फोट भएकोछ ।**
- **केन्द्रीय स्वास्थ्य एवं परिवार कल्याण मन्त्री जे पी नड्डा उन्मूलन संवन्धी सबै प्रयासहरू जारी रहेको भन्नुभएकोछ।**
- **केन्द्रीय गृहमन्त्री अमित शाहले भारतमा बंगलादेशी र रोहिङ्गया घुस्पेठीहरूलाई प्रवेश गराउने अनि उनीहरूको बसोबास गर्ने सुविधा दिने संपूर्ण नेटवर्क विरूध्द कढ़ा कार्रवाई गरिने निर्देश दिनुभएको छ ।**